༄༅། །སོད་རོང་ཁོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་། ་

# सोलुदुधकुण्ड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

### सोलुदुधकुंण्ड नगरपालिकाको करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः- २०८१/०४/०९)**

यस कार्यालयको लागि एक पालिका एक भेटेरिनरी डाक्टर खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्ति गर्नका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवश्यक कागजातसहित तोकिएको राजश्व तिरी सक्कल रसिद वा बैंक भौचर सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | पद | तह | आवश्यक संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | भेटेरिनरी डाक्टर | अधिकृत छैठौं तह वा सो सरह | १ | पशुपन्छी विज्ञानतर्फ मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सक विषयमा B.VSc & A.H/ B.V.Sc वा सो सरहको स्नातक तह उर्तिण नेपाल पशु चिकित्सा परिषदमा दर्तावाल पशु चिकित्सक हुनुपर्नेछ । |

१. उमेरः- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिला उम्मेद्ववारको हकमा ४० वर्ष ननाघेको।

२. दरखास्त दिने स्थानः- सोलुदुधकुण्ड नगरपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु।

३. दरखास्त दिने माध्यमः तोकिएको ढाँचामा यस कार्यालयमा उपस्थित भई वा कार्यालयको ईमेल solududhkundamun@gmail.com मा पेश गर्न सकिनेछ।

४. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशन भएको मितिदेखि ७ दिनभित्र कार्यालय समयभित्र (दरखास्त दिने अन्तिम दिन सार्वजिनक विदा भएमा सो को भोलिपल्ट)

५. आवेदनको दस्तुरः- आवेदन दस्तुर रू १५००।- (पन्ध्र सय मात्र) रा.बा. बैंक शाखा कार्यालय, सल्लेरी, सोलुखुम्बुमा यस कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं.२०२०१००३०१०१०००५ मा जम्मा गरी बैंक भौचर दरखास्तसाथ संलग्न राख्नु पर्नेछ।

६. छनौटको किसिमः - लिखित तथा अन्तरवार्ता परीक्षा

७. लिखित परीक्षा मिति, समय र स्थान :- फर्म भर्ने अन्तिम दिन तोकिनेछ।

८. आवेदनमा संलग्न गर्नु पर्ने कागजातहरुः- आवेदकले प्रमाणित गरेको नागरिकता, न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, अनुभव भए सो को कागजात, सम्बन्धित काउन्सिलको प्रमाणपत्र र २ प्रति पासपोर्ट साइजको फोटो लयायत कागजातको प्रतिलिपि।

९. सेवा सुविधाः- अधिकृतस्तर छैठौं तहको सुरुको तलब स्केल।

**नोटः**- आवेदनको ढाँचा,पदको कार्यविवरण यस कार्यालयको वेवसाईट www.solududhkundamun.gov.np मा समेत उपलब्ध छ।

**थप जानकारीको लागि सम्पर्क नं. ९८६९३४७०४०**

२०८१/०४/०९

**रामकुमार खड्का**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np
Email- solududhkundamun@gmail.com